केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१३/०७६/७७ मिति: २०७६/११/२९

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७६ को विभिन्न निर्देशनहरुमा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.२/०७६ को बुँदा नं १ को उपबुँदा नं. २ को (ई) मा देहायबमोजिम संशोधन गरिएको ।**

२. सूक्ष्म निगरानी (WatchList) :

(ई) साँवा र व्याज नियमित रुपमा भुक्तानी भएतापनि लगातार दुई वर्षदेखि खुद नोक्सानीमा रहेको वा नेटवर्थ ऋणात्मक रहेको फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा । तर, निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएको कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरु गरेपश्चात २ आर्थिक वर्षको वित्तीय विवरणको आधारमा मात्र यो व्यवस्था लागू हुनेछ । **साथै, प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह भएको कर्जाको हकमा यस्तो अवधिलाई ३ वर्ष कायम गरिएको छ ।**

२. **एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं. ३१ को उपबुँदा (क) मा देहायबमोजिम संशोधनसहित उपबुँदा (ख) र (ग) थप गरी क्रमसंख्या मिलान गरिएको ।**

(क) बैंक तथा वित्तीय संस्थाहरुले फर्म वा कम्पनीहरुलाई रु ५० लाख सम्मको कर्जा प्रदान गर्दा वा नवीकरण गर्दा ऋणीसँग पछिल्लो कर चुक्ता प्रमाणपत्र र/वा अद्यावधिक कर चुक्ता/दाखिला प्रमाणपत्र लिन अनिवार्य हुने छैन ।

(ख) रु ५० लाख भन्दा बढी र रु २ करोडसम्मको कृषि, पर्यटन एवम् साना तथा मझौला उद्योग/पेशा/व्यवसायका लागि कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्न सकिनेछ ।

(ग) उपबुँदा (क) वा (ख) अन्तर्गत नपर्ने एवम् रु २ करोड भन्दा बढीको कर्जा लिने/लिएको कुनै पनि फर्म वा कम्पनीलाई कर्जा प्रदान गर्दा वा नवीकरण गर्दा ऋणीसँग पछिल्लो कर चुक्ता प्रमाणपत्र लिएर मात्र कर्जा प्रदान वा नवीकरण गर्नुपर्नेछ ।

३. **एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं ४० को उपबुँदा (ग) पश्चात देहायबमोजिम प्रतिबन्धात्मक वाक्यांश थप गरिएको ।**

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

तर, स्वप्रयोजनका लागि निर्माण/खरिद गरिने पहिलो घर कर्जाका लागि करयोग्य आयको हकमा कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्न सकिनेछ र त्यस्तो कर्जाको हकमा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) अधिकतम ६० प्रतिशत कायम गर्न सकिनेछ ।

**४. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं. ३/०७६ को बुँदा नं.१० को उपबुँदा नं. ४ मा देहायबमोजिम उपबुँदा (ख) थप गरी क्रमसंख्या मिलान गरिएको ।**

(ख) नियमानुसार दर्ता भई सञ्चालनमा रहेका घर जग्गा व्यवसाय कम्पनीहरुले सञ्चालन गर्ने नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति प्राप्त आयोजनाका लागि प्रदान गरिने कर्जाको ऋण मूल्य अनुपात (LTV Ratio) महानगरपालिका, उपमहानगरपालिका र काठमाडौं महानगरपालिकासँग जोडिएका नगरपालिका क्षेत्रमा अधिकतम ५० प्रतिशत र सो बाहेकका क्षेत्रमा ६० प्रतिशत कायम गर्न सकिनेछ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।